# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

**निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६**

**प्रस्तावना** : निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधन** : निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) "निर्यात" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी नेपालबाट विभिन्न मुलुकहरूमा गरिने मालसामानको निर्यात सम्झनु पर्छ र सो

शब्दले भारतमा हुने निकासीको हकमा बैङ्किङ्ग प्रणाली मार्फत भारतीय रुपैयाँ आर्जन हुने गरी गरिने निर्यातलाई समेत जनाउँछ ।"

३. <u>मूल कार्यविधिको दफा ३ मा संशोधन</u> : मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. <u>निर्यातमा प्रोत्साहन उपलब्ध गराउने</u> : (१) निर्यातकर्ताले अनुसूची-१ मा उल्लिखित वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यमा पाँच प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यमा तीन प्रतिशतले हुने रकम नेपाल सरकारले अनुदान स्वरूप उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान प्राप्त गर्न निर्यातकर्ताले निर्यात गरेको वस्तुको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा बैङ्कमा दाखिला भएको प्रमाण वा भारतमा हुने निकासीको हकमा बैङ्किङ्ग प्रणालीको माध्यमबाट हुने आर्जित भारतीय मुद्रा बैङ्क दाखिला गरेको प्रमाण र भन्सार कार्यालयले मालवस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन पत्र समेत पेश गर्नु पर्नेछ ।

(३) निर्यातकर्ताले राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको र मूल्य अभिवृद्धि कम्तीमा चालीस प्रतिशत भएको अनुसूची-२ बमोजिमको

वस्तुको निर्यात गरेमा नेपाल सरकारले थप एक प्रतिशत अनुदान रकम उपलब्ध गराउनेछ ।

(४) अनुसूची-१ मा उल्लिखित वस्तुहरूको उत्पादनमा दफा ४ को उपदफा (१) बमोजिमको सूत्रका आधारमा मूल्य अभिवृद्धि कम्तीमा पचास प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा तीस प्रतिशत भएको हुनु पर्नेछ ।

(५) अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धिको प्रमाणीकरण प्रत्येक आर्थिक वर्षको साउन महिना र माघ महिनामा पहिलो पटक निकासी गर्दा उद्योग विभागबाट गराउनु पर्नेछ ।

तर आर्थिक वर्ष २०७५/७६ को लागि सम्बन्धित निर्यातकर्ताले गरेको स्व-घोषणालाई नै मानिनेछ ।

(६) उपदफा (४) बमोजिम मूल्य अभिवृद्धि गणना गर्दा अनुसूची-१ मा उल्लिखित वस्तुहरूको मूल्य अभिवृद्धि पचास प्रतिशतभन्दा कम भएमा कम भएको मूल्य अभिवृद्धि अनुरूप अनुसूची-२ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलब्ध गराइनेछ र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको मूल्य अभिवृद्धि पचास प्रतिशत वा सो

भन्दा बढी भएमा अनुसूची-१ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलब्ध गराइनेछ ।

(७) निर्यातकर्ताले निर्यात गरे वापत पाउने अनुदान जुन आर्थिक वर्षमा निर्यात गरेको हो सोही आर्थिक वर्षको वासलातमा हिसाब देखाउनु पर्नेछ ।"

४. <u>मूल कार्यविधिको दफा ४ मा संशोधन</u> : मूल कार्यविधिको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. <u>निर्यात भएको वस्तुको प्रमाणीकरण गर्नु पर्ने</u> : (१) यस कार्यविधि बमोजिम मूल्य अभिवृद्धि गणना गर्दा देहायको सूत्रका आधारमा गरिनेछ :-

$$\text{Value Addition} = \frac{\text{(Export FOB Price- Value of Foreign Originated Material)}}{\text{Export FOB Price}} \times 100$$

(२) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने वस्तुको सम्बन्धमा निर्यातकर्ताले उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि गणना तथा दफा ३ बमोजिमको शर्त पूरा गरी अनुसूची-३ बमोजिम स्व-घोषणा सहित मालवस्तु निर्यात गरेको महिना समाप्त भएको साठी दिनभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको विवरणका आधारमा विभागले अनुसूची-३ बमोजिम त्यस्तो वस्तु निकासी भएको प्रमाणीकरण गरी सो

को जानकारी तीन दिनभित्र सम्बन्धित निर्यातकर्तालाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको विवरण लगायतका विषयहरूको सम्बन्धमा विभागले आवश्यकता अनुसार जोखिम समेतका आधारमा कम्तीमा पाँच प्रतिशत उद्योगको सम्बन्धित वस्तु उत्पादन हुने कारखाना वा उत्पादन स्थलको निरीक्षण गर्न वा त्यस्तो वस्तुको उत्पादन प्रकृया बारे आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा निर्यातकर्ताले उपदफा (२) बमोजिम पेश गरेको विवरण झुट्टा ठहरेमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा सो आर्थिक वर्षमा यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान रकम र सो अनुदान रकम बराबरको थप जरिबाना असुल गरिनेछ ।"

५. <u>मूल कार्यविधिको दफा ५ मा संशोधन</u> : मूल कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (ङ) र (च) थपिएका छन् :-

"(ङ) अनुसूची-३ बमोजिम विभागबाट प्रमाणित भएको विवरण,

(च) भारतमा निकासी हुने वस्तुको हकमा भन्सार कार्यालयले मालवस्तु

निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन पत्रको प्रति ।"

६. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधन</u>** : मूल कार्यविधिको दफा ६ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) बैङ्कले उपदफा (३) बमोजिम निर्यातकर्तालाई प्रत्येक महिना उपलब्ध गराएको अनुदान रकमको विवरण सो महिना समाप्त भएको सात दिनभित्र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ ।"

७. **<u>मूल कार्यविधिको अनुसूचीमा संशोधन</u>** : मूल कार्यविधिको,-

(१) अनुसूची-१ को,-

(क) शीर्षकका रहेका "निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशत" भन्ने शब्दहरूको सट्टा "निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरुको सूची" भन्ने शब्दहरू राखी सोही अनुसूची रहेका "शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित देहायका औद्योगिक उत्पादनको कूल निर्यात मूल्यमा पाँच प्रतिशत नगद अनुदान प्रदान गरिनेछ" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) क्रम सङ्ख्या ९ र १० को सट्टा देहायका क्रम सङ्ख्या ९ र १० राखिएका छन् :-

"९. प्रशोधित पिउने पानी / मिनरल वाटर

१०. प्रशोधित वेसार"

(घ) क्रम सङ्ख्या ११, १२, १३, १४ र १५ मा रहेका "(परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) मूल कार्यविधिको अनुसूची-२ को,-

(क) शीर्षकमा रहेका "निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशत" भन्ने शब्दहरूको सट्टा "निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरुको सूची" भन्ने शब्दहरू राखी सोही अनुसूचीमा रहेका "देहाय बमोजिमका उत्पादनको कूल निर्यात मूल्यमा तीन प्रतिशत नगद अनुदान प्रदान गरिनेछ" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) क्रम सङ्ख्या ११ पछि देहायको क्रम सङ्ख्या १२ थपिएको छ :-

"१२. जुत्ता चप्पल (फुटवेयर) ।"

(३) अनुसूची-३ र अनुसूची-५ को सट्टा यसैसाथ संलग्न अनुसूची-३ र अनुसूची-५ राखिएका छन् ।

“अनुसूची-३

(दफा ४ को उपदफा (२) र (३) सँग सम्बन्धित)

.......... उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृह

खण्ड-क

श्री उद्योग विभाग ......................... ।

विषय : स्व-घोषणाको विवरण।

यस .......... उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृहबाट आर्थिक वर्ष .............को .........अवधिमा देहाय बमोजिमको विवरण अनुसारको वस्तुको निकासी गरेको व्यहोरा प्रमाणित गरिन्छ :-

(क) निर्यातित वस्तुको नाम :

(ख) हार्मोनिक कोड :

(ग) प्रशोधन गरिएको कच्चा वस्तु :

(घ) निर्यात भएको परिणाम र मूल्य :

(ङ) शत प्रतिशत स्वदेशी कच्चा पदार्थ उपयोग भए/नभएको :

(च) वस्तुको मूल्य अभिवृद्धि प्रतिशत :

(छ) उत्पादनकर्ता / निर्यातकर्ताले प्रत्यक्ष रोजगारी दिएको सङ्ख्या :

(झ) निर्यातित वस्तुको स्वदेश र विदेशमा संयुक्त ट्रेडमार्क दर्ता भए / नभएको :

(ञ) निर्यातकर्ताको गत तीन वर्षको निर्यात उपलब्धिको स्तर :

| क.सं | आ.व. (क) | निर्यातको परिमाण (रु. लाखमा) (ख) |
|---|---|---|
| १ | आधार वर्ष ................... | |
| २ | | |
| ३ | | |

आधार वर्षको तुलनामा गत तीन आर्थिक वर्षको सरदर निर्यात वृद्धि .............. प्रतिशत

निर्यातकर्ताको,-

अधिकृत व्यक्तिको दस्तखत :

नाम र थर :

दर्जा :

कानून किताब व्यवस्था समिति

<u>खण्ड-ख</u>

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग विभाग

श्री ....................................... बैङ्क

उपर्युक्त अनुसारको घोषणाबाट मूल्य अभिवृद्धि समेतको शर्त पूरा गरेको देखिएको व्यहोरा प्रमाणित गरिन्छ ।

प्रमाणित गर्ने अधिकृतको,-

दस्तखत :

नाम र थर :

पद :

बोधार्थ :

श्री ......................................... निर्यातकर्ता ।

## अनुसूची-५
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

श्री नेपाल राष्ट्र बैङ्क,
विदेशी विनिमय व्यवस्थापन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : अनुदान रकम शोधभर्ना बारे ।

महाशय,

त्यस विभागको इजाजत प्राप्त परिपत्र सङ्ख्या ......... मा भएको प्रक्रिया तथा कार्यविधि अनुरूप देहाय बमोजिम निर्यात भएको व्यहोरा प्रमाणित गर्दै सो निर्यात बापत उपलब्ध गराइएको अनुदान बापत मिति ........ मा भुक्तानी दिएको जम्मा रु ............ (अक्षरेपी .................) को शोधभर्ना त्यस बैङ्कमा रहेको यस बैङ्कको खाता नं. .............. मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै शोधभर्ना माग गरिएका कागजातहरूबाट यस अघि कुनै शोधभर्ना माग नगरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

| क्र सं | निर्यातकर्ता | | निर्यात भएको | | | निर्यात | | | भुक्तानी प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं. (एक्जिम कोड नं.) | नाम | परिमाण | वस्तु | देश | माध्यम | नम्बर | मूल्य (विदेशी मुद्रामा) | मिति | रकम वि. मु. | नेपाली रुपैया | मूल्य (एफ. ओ. बि.) (विदेशी मुद्रामा) | विनिमय दर |
| | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सोधभर्ना हुनु पर्ने जम्मा रकम रु. ................ अक्षरेपी ..........................................

संलग्न : निर्यात बापत परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणित बैङ्क स्टेटमेण्ट

निवेदक बैङ्कको नाम :

ठेगाना :

दस्तखत :

प्रबन्धकको नाम :

मिति :"

**आज्ञाले,**

**केदार बहादुर अधिकारी**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३